HIMALI BELA

क: २३३. वि.सं. २०७३, भदौ १२ गते, गान्तोक, आइतवार, २८ अगस्त, २०१६

# मानव अधिकारमाथि सचेतना कार्यक्रम

**गान्तोक, २७ अगस्तः** आसाम-लिङ्जेको पञ्चायत भवनमा २६ अगस्तको दिन मानव अधिकारमाथि एक सचेतना कार्यक्रम सम्पन्न भयो। यो कार्यक्रम सिक्किम मानव अधिकार आयोग (एसएसएचआरसी)-ले आयोजन गरेको थियो।

कार्यक्रममा आयोगका अध्यक्ष एनके जैन, उच्च अदालतका भूतपूर्व मुख्य न्यायाधीश बीबी राई, क्षेत्र विधायक, सचिव, खाद्य तथा नागरिक आपूर्ति विभागका सह-निदेशक पीएन भोटिया आदि उपस्थित थिए। आयोगका अध्यक्षले यो कार्यक्रम आयोजन गर्नुको उद्देश्य मानिसहरूलाई उनीहरूको मानव अधिकारबारे सचेत गराउनु रहेको बताए। उनका अनुसार सबै प्राकृतिक अधिकार मानव अधिकार हुन्, जुन एक व्यक्तिलाई जन्मैदेखि प्राप्त हुनुपर्छ।

क्षेत्र विधायकले विभिन्न परियोजनाबारे बताए, जसबाट सर्वसाधारणले लाभ उठाइरहेका छन्। ती परियोजनमध्ये एमजीनरेगा, इन्दिरा आवास योजना, अन्तोदया, राईट टू फुड, वृद्ध भत्ता, आईसीडीएस आदि हुन्। सचिव लाचुङ शेर्पाले आफ्नो सम्बोधनमा उपलब्ध विभिन्न सुविधाबारे जानकारी दिँदै आईसीडीएस कार्यकर्ताहरूको कार्य र जिम्मेवारीबारी पनि बताइन्। सह-निदेशकले राइट टू फुडबारे विस्तृतमा बताएका थिए।